आज मिति २०७८/११/१५ गते आइतवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँ सभाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको १३ औँ गाउँ सभाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो ।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | सभा अध्यक्ष |
| | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष |
| | श्री जनार्दन आचार्य | नि. प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | सभा सदस्य |
| | श्री छिन नाम्या गुरुङ | सभा सदस्य |
| | श्री नविन कुमार गुरुङ | सभा सदस्य |
| Tenzing | श्री तेन्जिङ नामगेल गुरुङ | सभा सदस्य |
| | श्री राप्के गुरुङ | सभा सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | सभा सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | सभा सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | सभा सदस्य |
| | श्री देवी गुरुङ | सभा सदस्य |
| फुलमाया | श्री फुलमाया वि.क. | सभा सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | सभा सदस्य |
| | श्री कर्साङ आङ्गो गुरुङ | सभा सदस्य |
| | श्री धर्पु गुरुङ | सभा सदस्य |
| सीता | श्री सिता वि.क. | सभा सदस्य |
| | श्री छवाङ नाम्था गुरुङ | सभा सदस्य |
| | श्री टसि छीरिङ गुरुङ | सभा सदस्य |
| | श्री न्होरु गुरुङ | सभा सदस्य |
| | श्री कान्छी वि.क. | सभा सदस्य |
| | श्री दावा छिरिङ गुरुङ | सभा सदस्य |
| शान्ता | श्री शन्त कुमारी कामी | सभा सदस्य |
| | श्री सम्टुक गुरुङ | सभा सदस्य |
| | श्री ताक्ला गुरुङ | सभा सदस्य |
| | श्री न्हुपु गुरुङ | सभा सदस्य |
| | श्री देवी गुरुङ | सभा सदस्य |
| मनकुमारी | श्री मनकुमारी वि.क. | सभा सदस्य |
| | श्री रिङजिन नामगेल गुरुङ | सभा सदस्य |
| | श्री गोविन्द विष्ट | सभा सदस्य |

प्रस्तावहरु:

१) गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक दायित्व शिर्जना हुने गरि भएका निर्णयहरु अनुमोदन गर्ने ।

२) आर्थिक वर्ष २०७८/७९ को वजेट संशोधन तथा थप विनियोजन गर्ने ।

३) गाउँ कार्यपालिकाको भवनमा स्थानीय संस्कृति झल्किने फर्निचर खरिद गर्ने ।

४) गाउँ कार्यपालिकाको भवनबाट कार्यालयको काम सञ्चालन गर्ने ।

५) गाउँ कार्यपालिकाको कार्यालयको अतिरिक्त कार्य वापतको खर्च भुक्तानी गर्ने ।

Scanned with CamScanner

६) तत्कालिन अवस्थामा आवश्यक देखी कार्यपालिकाबाट भएका निर्णय अनुमोदन गर्ने।

७) स्वास्थ्य संस्थामा करारमा नियुक्तिको समर्थन सम्बन्धमा।

८) करारमा कार्यरत कर्मचारीको स्थानीय भत्ता सम्बन्धमा।

९) घरभाडा वृद्धि सम्बन्धमा।

१०) बिबिध विषयमा नितीगत निर्णय गर्ने सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं. १ :प्रस्ताब नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिका बैठकबाट आर्थिक दायित्व सिर्जना हुने गरीभएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

क) मिति २०७८/०४/०४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. १, २, ५ र ६।

ख) मिति २०७८/०५/२४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. ३ र ८।

ग) मिति २०७८/०६/१९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. ३ र ४।

घ) मिति २०७८/०९/०९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. १०, १२, १३ र १४।

ङ) मिति २०७८/०९/२८ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. ४।

निर्णय नं. २ :प्रस्ताब नं. २ माथि छलफल गर्दायस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेटमा तपशिल बमोजिम थप, घट तथा संशोधन गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम | शुरु विनियोजन | थप | घट | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण | ५०००००० | १०५००००० | | १५५००००० | बजेट थप |
| २ | प्रशासकीय भवनमा परम्परागत सांस्कृतिक गेट निर्माण | | ५००००० | | ५००००० | योजना थप |
| ३ | स्थानीय गीत संरक्षण (लेखन तथा रेकर्डिङ) | | ५००००० | | ५००००० | योजना थप |
| ४ | शेर्ढाक(Golden Hill) भ्यू-टावर जाने बाटो मर्मत तथा ढुङ्गे लेखन | | ५००००० | | ५००००० | योजना थप |
| ५ | कागबेनीमा विद्युत लगायतका तारहरु अण्डरग्राउण्ड गर्ने DPR सहित | | ५०००००० | | ५०००००० | योजना थप |
| ६ | तिरी-घ्यातान्थान्का विद्युत पोल सार्ने तथा गाड्ने | | २००००० | | २००००० | योजना थप |
| ७ | एम्बुलेन्स खरिद तथा व्यवस्थापन | २०००००० | | २०००००० | ० | हटाइएको |
| ८ | पोर्टेवल ग्रामिण भिडियो एक्स रे मेसिन खरिद | | १५००००० | | १५००००० | योजना थप |
| ९ | लुप्रा खोला देखि छात्रावास सम्म बाटो मर्मत | | २५०००० | | २५०००० | योजना थप |
| १० | लुप्रा गुम्बा मर्मत | | ३००००० | | ३००००० | योजना थप |
| ११ | खिङ्गा खानेपानी मर्मत | | २५०००० | | २५०००० | योजना थप |
| १२ | खिङ्गा समाजघरमा फर्निचर खरिद | | २००००० | | २००००० | योजना थप |
| १३ | झारकोट गुम्बामा जाने घोरेटो बाटो निर्माण | | ३५०००० | | ३५०००० | योजना थप |
| १४ | पुराङमा एक व्यक्ति एक वृक्षारोपण कार्यक्रम | | २५०००० | | २५०००० | योजना थप |
| १५ | छैङ्गुर गाउँ बिचको कुलो मर्मत | ८००००० | ३००००० | | ११००००० | बजेट थप |
| १६ | छैंगुरमा विद्युत पोल खरिद | | १००००० | | १००००० | योजना थप |
| १७ | झोङ-छैंगुर पुल निर्माणको DPR | | १०००००० | | १०००००० | योजना थप |
| १८ | पुटाक खेतबारी संरक्षण | ११००००० | २००००० | | १३००००० | बजेट थप |
| १९ | पुटाक-झोङ सडक मर्मत | | ३७५००० | | ३७५००० | योजना थप |
| २० | समर खानेपानी योजना | | ३००००० | | ३००००० | योजना थप |
| २१ | समर फोन टावर सम्म विद्युत लैजाने कार्य | | २००००० | | २००००० | योजना थप |
| २२ | समर सामुदायिक घर ढलान | १०००००० | | १०००००० | ० | हटाइएको |
| २३ | समर गाउँमा तारबार | | १०००००० | | १०००००० | योजना थप |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | घ्याकर बाटो मर्मत | | १५०००० | | १५०००० | योजना थप |
| २५ | घ्याकर समाजघर मर्मत | ८००००० | २००००० | | १०००००० | बजेट थप |
| २६ | छुसाङ तारा खेल मैदानमा जस्तापाता छाउने | | ३००००० | | ३००००० | योजना थप |
| २७ | छोकनम बस्ती र कुलो संरक्षण | | ३००००० | | ३००००० | योजना थप |
| २८ | तेताङ दुवा बाटोमा मेसिनरी वाल लगाउने | | ३००००० | | ३००००० | योजना थप |
| २९ | ताङ्वे ऐतिहासिक नमुना गाउँमा रंगरोगन कार्यक्रम | | ३००००० | | ३००००० | योजना थप |
| ३० | कागबेनी समाजघरमा पूर्वाधार निर्माण | | १०००००० | | १०००००० | योजना थप |
| ३१ | तिरी गाउँ संरक्षण कार्यक्रम | | ७००००० | | ७००००० | योजना थप |
| ३२ | पाकलिङ समाजघरमा फर्निचर खरिद | | २००००० | | २००००० | योजना थप |
| ३३ | ईलि गाउँमा विद्युत खरिद | | १७५००० | | १७५००० | योजना थप |
| ३४ | ईलि गाउँ सिंचाई योजना | २००००० | | २००००० | ० | हटाईएको |
| ३५ | ईलि गाउँमा कृषि सडक | | २००००० | | २००००० | योजना थप |
| ३६ | शाङ्ता गाउँको घोकमा कृषि सडक योजना | | १०००००० | | १०००००० | योजना थप |
| ३७ | ढाकरझोङ सिंचाई कुलो मर्मत | १०००००० | ५००००० | | १५००००० | बजेट थप |
| ३८ | फल्याक गाउँको गुम्बामा फलेक बिच्छाउने कार्य | | ३००००० | | ३००००० | योजना थप |
| ३९ | प्रशासकीय भवनमा कम्पाउण्डवाल निर्माण | | २०००००० | | २०००००० | योजना थप |

**निर्णयनं. ३** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा नयाँ प्रशासकीय भवनमा स्थानीय संस्कृती झल्कने प्रकारका केही फर्निचर स्थानीय उद्योगबाट निर्माण गर्न लगाई खरिद गर्ने र त्यसको लागि प्रशासकीय भवनमा फर्निचर शिर्षकबाट रु.५०००००/- विनियोजन गर्ने निर्णय गरीयो।

**निर्णय नं. ४** :प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको नयाँ प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा रहेको तथा मिति २०७८/१२/३० गते सम्म मात्र निर्माण व्यवसायी संग निर्माण सम्पन्न गर्ने सम्झौताको म्याद भएकोमा भाडाको घरमा केही शाखाहरु संचालनमा रहेका र उक्त भाडामा प्रयोग भएको घर मिति २०७८/१२/०१ गते सम्म खाली गर्नु पर्ने भएको हुंदा उक्त मिति देखि तहाँ संचालनमा रहेका गाउँ कार्यपालिकाका शाखाहरु नयाँ प्रशासकीय भवनमा सारी कार्य संचालन गर्नको लागि समर्थन गर्ने निर्णय गरीयो। साथै निर्माण व्यवसायी लाई निर्धारित समय सिमा भित्र कार्य सम्पन्न गरी भवन हस्तान्तरण गर्न ताकेता गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको नयाँ प्रशासकीय भवनको शुरुमा तयार भएको नक्सा तथा डिजाईन र स्वरुपमा केही परिवर्तन गराई स्थानीय सँस्कृति झल्कने गरी निर्माण व्यवसायीलाई थप काम गर्न जिम्मेवारी दिए अनुरुप निर्माण व्यवसायीले कार्य गरेको र सो वापत सृजना भएको अतिरिक्त आर्थिक दायित्वलाई यस गाउँ सभाले अपनत्व ग्रहण गर्दै भवनमा भएको उक्त अतिरिक्त कार्यको प्राविधिक मूल्याङ्कन गर्न लगाई सो थप कामको खर्च/भुक्तानी निर्माण व्यवसायीलाई दिने निर्णय गरीयो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ माथि छलफल गर्दा तत्कालिन अवस्थामा आवश्यक देखि कार्यपालिकाबाट भएका विभिन्न निर्णयहरुलाई यस गाउँ सभाले अपनत्व ग्रहण गरी अनुमोदन गर्ने निर्णय गरीयो।

**निर्णय नं. ७** : प्रस्ताव नं.७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य चौकीहरुमा रिक्त रहेका दरबन्दीमा गाउँ कार्यपालिका कार्यालयले गरेको विज्ञापनबाट पदपूर्ती भएको प्रकृयालाई समर्थन गर्ने निर्णय गरीयो।

Scanned with CamScanner

निर्णय नं. ८ : प्रस्ताब नं. ८ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका कार्यालयमा करारमा कार्यरत कर्मचारीश्री रोशनी नेपालीलाई कार्यालयमा नियमित रुपमा अतिरिक्त समयमा समेत कार्य गराउनु परेकोले गर्दा निजको कार्य र मनोबललाई सम्मान गर्दै निजले खाईपाई आएको सुविधामा मासिक रु. ३०००/- अतिरिक्त भत्ता २०७८ श्रावण महिना देखि नै प्राप्त गर्ने गरी उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ९ : प्रस्ताब नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका पशु सेवा शाखा कागबेनी र आयुर्वेद औषधालयले कार्यालय प्रयोजनको लागि लिएको/प्रयोग गरेको घरको भाडामा २०७८ साल श्रावण महिना देखि लागु हुने गरी १० प्रतिशत भाडा बृद्धि गर्ने निर्णय गरियो।

निर्णय नं. १० : प्रस्ताब नं. १० माथि छलफल गर्दा

१. छुसाङ-तेताङ-झोङ-मुक्तिनाथ मोटरबाटोको DPR & IEE को लागि पुँजीगत परामर्श खर्च शिर्षक बाट खर्च व्यहोर्ने निर्णय गरियो।

२. गाउँपालिकाको प्रशासकीय भवनमा परम्परागत सांस्कृतिक गेट स्थानीय उद्योगबाट निर्माण गर्न लगाई राख्ने निर्णय गरियो।

२. गाउँपालिकाको प्रशासकीय भवनमा फर्निसिङको लागि प्रशासकीय भवनमा फर्निचर शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

३. कागबेनी ढल निर्माणको योजना संचालन गर्दा सो को लागि DPR गर्न अत्यावश्यक देखिएको हुँदा DPR को लागि ढल निर्माण योजना बाट नै रु.१००००००/- छुट्टाई कार्य गराउने निर्णय गरियो।

४. एम्बुलेन्स खरिद तथा व्यवस्थापन कार्यको लागि यस अघि बजेट विनियोजन भएकोमा मापदण्ड अनुरुपको एम्बुलेन्स खरिद गर्न उक्त बजेटले नपुग हुने भएको हुँदा उक्त शिर्षकको वजेट रकमान्तर गरी पोर्टेवल ग्रामिण भिडियो एक्स रे मेसिन खरिदको लागि रकम विनियोजन गर्ने निर्णय गरियो।

५. समर सामुदायिक घर ढलान शिर्षकको वजेट समर गाउँमा तारबार कार्यक्रमको लागि रकमान्तर गर्ने निर्णय गरियो।

६. नयाँ प्रशासकीय भवनको संरक्षणको लागि कम्पाउण्डवाल निर्माण गर्न नयाँ ठेक्का प्रकृया द्वारा कार्य गराउने निर्णय गरियो।

Scanned with CamScanner